**२०७८ साल मंसिर १ गते बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. प्रदेश न. ५ स्वयंसेवक परिचालन कार्यविधि, २०७५ को पहिलो संशोधन स्वीकृत गर्ने ।

२. प्रदेश खेलकुद विकास ऐन, २०७६ को पहिलो संशोधन विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

३. दाङ्ग जिल्ला लमही नगरपालिका वडा न.०४ मा अवस्थित पूर्वमा पक्की बाटो, पश्चिममा खोला किनारमा बनेका घरहरु, उत्तरमा पूर्व पश्चिम राजमार्ग र दक्षिणमा लमही अस्पताल गरि चार किल्ला भित्रको वन क्षेत्रमा पर्ने १ हेक्टर क्षेत्रफल जग्गा प्रादेशिक ट्रमा सेन्टर लमहीको नाममा स्वामित्व कायम हुने गरि प्राप्त गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

४. नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम लुम्बिनी प्रदेश, प्रदेश सभाको चालु नवौं अधिवेशन मिति २०७८ साल मंसिर ०१ गते बुधबार राती १२:०० बजेदेखि अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।